International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# ‘सलिजो’ उपन्यासमा वात्स्यायन सूत्रको प्रभाव

**घनश्याम घिमिरे**
उपप्राध्यापक, मकवानपुर वहुमुखी क्याम्पस
email: gshyamghimire420@gmail.com

Received: November 09, 2020; Revised & Accepted: December 11, 2020; Published: February 18, 2021
© Copyright: Ghimire (2021).

## १. आमुख :

नेपाली भाषा साहित्यका विशिष्ठ साधक मोहनराज शर्मा (१९९७) द्वारा लेखिएको सलिजो (२०६६) उपन्यास नेपाली उपन्यास परम्परामा नौलो विषयवस्तु प्रयोग गरिएको कृतिका रुपमा आएको छ । स्त्रीसमलिङ्गी जोडी बीचको वैवाहिक प्रेम सम्बन्धलाई मुख्य विषय बनाएर लेखिएको यो उपन्यास यौन जीवनको विविध पाटाहरु प्रस्तुत गर्नुसँग पनि सम्बन्धित छ ।

यसरी सामान्य जीवनभन्दा फरक सन्दर्भलाई मुख्य विषय बनाइएको यस उपन्यासमा महर्षि वात्स्यायनको कामसूत्र अर्थात वात्स्यायनसूत्रको कस्तो प्रभाव भेटिन्छ भनी विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्येश्य हो । विशेषगरी स्त्री र पुरुषबीचको सम्भोग कलाका बारे विशेष चर्चा गरे पनि समलिङ्गी यौनजीवनका सन्दर्भमा समेत चर्चा गरेका वात्स्यायनका यौन मान्यताहरुले साहित्यिक कृतिका रुपमा रहेको यस उपन्यासको विविध पक्षहरुमा पारेको प्रभावबारे अध्ययन गरिएको छ ।

## २. साहित्यकार मोहनराज शर्मा

चर्चित समालोचक एवम् सर्जक मोहनराज शर्माको जन्म १९९७ सालमा काठमाडौंको काभ्रेस्थलीमा भएको हो । आफ्ना पितासँगै बनारस पुगेर त्यहीबाट स्कुले शिक्षाका साथै उच्च शिक्षासमेत प्राप्त गरेका उनले इतिहास र नेपाली विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरी लामो समय नेपाली भाषासाहित्यको प्राध्यापन कार्यमा जीवन व्यतित गरेको देखिन्छ । हिन्दी भाषामा निबन्ध, कविता लेखेर साहित्यको क्षेत्रमा प्रवेश गरेका उनले नेपाली भाषामा निबन्ध, नाटक, कथा, उपन्यास, समालोचना लगायत पाठ्यपुस्तक लेखन एवम् सम्पादनको क्षेत्रमा समेत योगदान गरेको पाइन्छ । उनको इन्टरभ्यु स्पेसलिष्ट मिष्टर झप्पुसिंह डबल एम.ए.(२०३८) र पुछारको पातो (२०५४) निबन्ध सङ्ग्रह, च्याखे धर्ना (२०२४), कोर्रा (२०४०), महाशुन्य (२०५०), वैखरी (२०५४), कथा सङ्ग्रह, जेमन्त-यमा (२०४१), बैकुण्ठ एकसप्रेस (२०४२) र उताको बाघ (२०६२), नाट्यकृति, सलिजो (२०६६) उपन्यास जस्ता सृजनात्मक रचना प्रकाशित छन् भने अनेकौं समालोचनात्मक पुस्तकका साथै भाषाव्याकरण, सिद्धान्त, सम्पादन गरिएका एवम् पाठ्यपुस्तकहरु समेत प्रकाशनमा रहेका छन् । मैनाली कथा पुरस्कार (२०४०), मदन पुरस्कार (२०४२), प्रतिभा पुरस्कार (२०४८) लगायतबाट पुरस्कृत हुनुका साथै नेपाली भाषासाहित्यका बहुमुखी प्रतिभाका रुपमा परिचित उनको २०७५ साल माघ १० गते निधन भएको हो ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

विविध प्रयोग गर्ने आत्मपरक एवम् हास्यव्यङ्ग्यात्मक निबन्धकार, स्वैरकाल्पनिक एवम् वौद्धिक कथाकार, मानवतावादी एवम् प्रयोगमूलक नाटककार जस्ता विशेषता बोकेका शर्मालाई सलिजो उपन्यासले समेत नवीन विषय र शैली उठान गर्ने प्रयोगशील एवम् मनोविश्लेषणवादी उपन्यासकारका रुपमा चिनाउन सफल भएको छ ।

## ३. सलिजो उपन्यासको संरचनात्मक पक्ष र अन्तर्वस्तु :

मध्यम आयामको औपन्यासिक कृतिका रुपमा रहेको यो रचना भूमिकासहित २४७ पेजमा फैलिएको छ । वर्णनात्मक र संवादात्मक शैलीमा लेखिएको यस उपन्यासमा मूलत बाह्यपुरुष दृष्टिविन्दु प्रयोग भएको छ । उपन्यासका मुख्य पात्रका रुपमा रहेका ज्वाला र रुपाको केन्द्रियतामा संरचित भई उनीहरुको मुख्य भूमिकामा समेटिएको यस उपन्यासमा प्रयुक्त सम्पूर्ण घटनाहरु तृतीय पुरुषमा समाख्यान गरिएको छ । उपन्यासको सुरुवात देखि अन्त्यसम्म कुनै शीर्षकीकरण वा परिच्छेद विभाजन भएको नपाइएकाले यो एउटै परिच्छेदमा संरचित भएको छ । कथाबस्तुलाई गतिशील बनाउने क्रममा नै पात्रहरुबीचको संवादात्मकतालाई कुशलतापूर्वक संयोजन गरिएकाले उपन्यासमा नाटकीय आकर्षणसमेत उपस्थित छ । ज्वाला र रुपाबीचको प्रेममय संवाद, प्रो.शर्माको वौद्धिक र तार्किक अभिव्यक्ति एवम् रविको कौतुहलपूर्ण अपाराधिक गतिविधिले उपन्यासलाई भावुक, गम्भीर एवम् द्वन्द्वमय बनाइदिएको छ । विषयवस्तुको विशिष्ठता अनुरुप प्रयोग भएका भाषशैली र शब्द चयनले समेत उपन्यास रोचक एवम् याथार्थपरक बन्न पुगेको छ ।

स्त्रीसमलिङ्गी जोडीका रुपमा रहेका ज्वाला (लेज्वा) र रुपा (लेज्वी) प्रमुख पात्रका रुपमा यस उपन्यासमा आएका छन् । सहायक पात्रका रुपमा रवि, डायमन र प्रो.शर्मालाई पहिचान गर्न सकिन्छ भने गौण चरित्रका रुपमा गे-१, गे-२, सुसारे आमै, रुपाकी आमा, रुपाका वुबा, रुपाकी दिदी, रुपाका दाजु, रेसम (हेडमिस्त्री), डायमन (हिजडा), डा. चकोर(हेडमास्टर), ज्वालाका बैंकका सहकर्मीहरु म्यानेजर, डोल्मा, जोगिलाल, मन्सूर, रीता, लक्ष्मण आदि, रुपाको स्कुलका अध्यक्ष, शिक्षक, शिक्षिकाहरु लगायत गुन्डाहरु आएका छन् । सन्दर्भका क्रममा तराई क्षेत्रमा रहेको रुपाको घरको प्रसङ्ग समेटिए पनि यस उपन्यासमा मूलत काठमाण्डौं उपत्यकाभित्रका विभिन्न स्थानहरुका साथै रुपाको स्कुल, ज्वालाको बैङ्क, रेशमको ग्यारेज एवम् ज्वाला र रुपाको बस्ने फ्ल्याट नै मुख्य स्थानगत परिवेश बनेर आएका छन् । संस्मरणका क्रममा रुपा र ज्वालाको वाल्यकालसमेत समेटिएको भएपनि प्रत्यक्ष रुपमा २०६२/६३ सालको जनआन्दोलनको पूर्वसध्याको लगभग छ महिनाको समयावधिलाई कालगत परिवेश बनाइएको पाइन्छ । फरक लैङ्गिक पहिचान भएका व्यक्तिहरुले आत्मसम्मानका साथ बाँच्न चाहेको तर पुरातनवादी समाजले उनीहरुको आत्मसम्मानलाई स्वीकार गर्न नसकिरहेको सन्दर्भलाई नै उपन्यासमा वातावरणगत परिवेश बनाइएको छ ।

प्रस्तुत सलिजो उपन्यामा स्त्रीसमलिङ्गी जोडीका रुपमा रहेका ज्वाला (लेज्वा) र रुपा (लेज्वी) बीचको वैवाहिक सम्वन्धलाई समाजका केही व्यक्तित्वले सकारात्मक रुपमा लिएपनि आफ्नै परिवारका सदस्यसहित समाजको मूलप्रवाहले नकारात्मक रुपमा लिडदिँदा उक्त जोडीको प्रेममय आत्मिक सम्बन्धमा आइपरेका अनेकौं समस्या, सङ्घर्ष र उतारचढावहलाई कथावस्तु बनाइएको छ । स्त्रीसमलिङ्गी जोडी मात्र होइन पुरुष समलिङ्गी जोडी, तेस्रो लिङ्गी (हिजडा) लगायतका फरक लैङ्गिक पहिचान भएका नागरिकहरुले देश, समाज र आफ्नै परिवारभित्र नै केकस्तो दुर्गति भोग्नु परेको छ भन्ने यथार्थ बोल्नु पनि उपन्यासको विषय हो । त्यसका अतिरिक्त स्त्रीसमलिङ्गी जोडीका रुपमा रहेका ज्वाला र रुपाबीचको शारीरिक सम्वन्धको चर्चा गर्दै समलिङ्गीबीचको

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

यौनिक क्रियाकलाप एवम् वासानात्मक आसक्तिको प्रस्तुतीकरणमार्फत यौनमनोविश्लेषणको नौलो आयमलाई स्थापित गराउने प्रयत्न समेत उपन्यासमा भेटिन्छ ।

काठमाण्डौको कुनै बैंकमा काम गर्ने ज्वाला र स्कूलमा काम गर्ने रुपाले मन्दिरमा पूजारी र फोटोग्राफरलाई साक्षी राखेर सामान्य रुपले परम्परागत मान्यताअनुरुप विवाह गरेपछि ज्वालाको फ्ल्याटमा सँगै बस्न थाल्छन । अनाथ आश्रममा हुर्केकी ज्वालाले एकअर्कालाई पाएर सुखद जीवनको कल्पना गरेपनि रुपाको परिवार उक्त सम्बन्धबाट असन्तुष्ट हुँदै रुपालाई विवाह गर्न खोजिएको केटो रविको अपाराधिक व्यवहारलाई प्रयोग गर्दै ज्वाला र रुपालाई छुटाउन सक्रिय भइरहन्छन् । आफूहरुको सम्बन्धमा आइपरेका अनेकौं कठिनाईहरुसँग जुध्दै ज्वाला र रुपाको प्रेमिल सम्बन्ध झाँगिदै गइरहेकै अवस्थामा बैंक लुटेराका रुपमा आएको रेसम मिस्त्रीको समूहले ज्वालालाई अपहरण गरेर सामूहिक बलात्कार गरी अचेत अवस्थामा फ्याकिदिपछि डायमनले आवश्यक उपचार पश्चात घर पुऱ्याउँछ । ज्वालाको वियोगमा छटपटाएकी रुपा ज्वालालाई भेटेपछि ज्वालाको स्यारसुसार गरेर उसलाई ठिक बनाउदै गर्दा समलिङ्गी भएको आरोपमा विद्यालय व्यवस्थापन समितिले रुपालाई विद्यालयबाट निकालिदिएपनि विद्यालयका प्रिन्सिपल डा. चकोरले भने रुपालाई आवश्यक सहयोग गर्छन् । रविको गुन्डा समूहले ज्वाला र रुपालाई दुख दिने क्रम बढ्दै जाँदा आफ्नो सम्वन्धको मजबुतीकरण एवम् अधिकारका बारेमा प्रो.शर्माबाट उनीहरुले आवश्यक सल्लाह सहयोग पाउँछन् । बलात्कारको घटनापछि गर्भवती बनेकी ज्वालाले डायमन र रुपाको सहयोगमा अस्पतालमा गई सुरक्षित गर्भपतन गराएपछि घरमै आराम गरिरहेकै अवस्थामा रवि आएर रुपालाई जबरजस्ती गर्न खोजेपछि ज्वालाले त्यसको सशस्त्र प्रतिकार गर्छे र उपन्यासको मूल घटनाक्रम टुङ्गिन्छ । यस उपन्यासमा सहायक घटनाक्रमका रुपमा पुरुषसमलिङ्गी जोडीका रुपमा गे १ र गे २ बीच वैवाहिक सम्वन्ध हुनु, समलिङ्गी जोडीको वैवाहिक सम्बन्धलाई कानुनी मान्यता दिन सरकारी कर्मचारीहरु अनुदार देखिनु, फरक लैङ्गिक पहिचान भएकै कारणले समाजमा हेपिएको महसुस गरेको डायमनको दाजुले डायमनलाई निर्वाचनमा उमेद्वार बनाएर आफ्नो आवाज बलियो बनाउने अपेक्षा लिनु आदि आएका छन् ।

## ४. वात्स्यायनको कामसूत्र

### ४.१. वात्स्यायसूत्रको परिचय

वात्स्याायन पूर्वीय सभ्यताका महत्वपूर्ण विद्धान् हुन् । वात्स्यायनको जन्मसमय र स्थानका बारे यकिन तथ्य नभएपनि उनी पहिलो शताब्दीका आचार्य भएको मानिएको छ (शर्मा, २०७२) । कतिपय तथ्यहरुले भने वात्स्यायनलाई पहिलो र छैठौं शताब्दी बीचको भएको अनुमान गर्न सहयोग पुऱ्यउँछ (पोखरेल, २०७४:५४) । वात्स्यायनको वास्तविक नामका सन्दर्भमा पनि विभिन्न तर्कहरु भेटिन्छन् । उनलाई चाणक्य, विष्णुगुप्त, मल्लनाग, वररुमि, पक्षिलस्वामी, मेयजित्, पुनर्वसु जस्ता नामले चिनाइएको पाइन्छ (शास्त्री, २०६४ :९) ।

महर्षि वात्स्यायनद्धारा लेखिएको कामसूत्रलाई कोकशास्त्र, वात्स्यायनसूत्र पनि भनिएको पाइन्छ । कामसूत्र विश्वप्रसिद्ध प्राचीन कामशास्त्र हो । जसलाई विश्वकै पहिलो यौनसंहिता मानिन्छ । कामसूत्रमा सात भाग (अधिकरण), छत्तीस अध्याय र चौसठ्ठी प्रकरणमा बाँडिएर एक हजार दुई सय पचास सूत्र रहेका छन् । आलिङ्गन, चुम्बन, स्पर्श, दाँत र नङ्गको प्रयोग, सित्कार र यौन अङ्गको आधारमा स्त्री र पुरुषको वर्गीकरण, स्त्री र पुरुषमा हुनुपर्ने चौसठ्ठी कला, वर्जित सम्बन्धमा स्वीकृत सम्बन्धदेखि कामक्रियाको समयमा अपनाउनु पर्ने विधिका बारेमा समेत वर्णन गरिएको छ । कामसूत्रको नाम हिन्दूहरुको यौनदेवता कामदेवबाट प्रेरित भएर राखिएको छ । कामसूत्रको पहिलो सूत्रमा नै चारवर्गका फलहरुमा धर्म, अर्थ, काम र मोक्षका बारे चर्चा गर्दै काम

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

अर्थात् वासना विषयको व्याख्याका साथ यसको महत्व उल्लेख गरी कामसूत्रको थालनी गरिएको छ । यस ग्रन्थमा कामका नियमहरु बताउदै केकस्ता उपायहरु अपनाउन सकियो भने यौनजीवन सुखमय हुन सक्छ भन्ने विषय प्रस्तुत गरिएको छ । समलिङ्गीभन्दा पनि विपरीत लिङ्गीबीचको आकर्षणलाई व्याख्या गर्दै स्त्री र पुरुषबीचको सम्भोगकार्यलाई अझ रुचिपूर्ण बनाउने कलाको सूत्र वात्स्यायनले उल्लेख गरेका छन् । कतिपय परिच्छेदका कतिपय सूत्रहरुमा समलिङ्गी सम्बन्धको समेत व्याख्या गरिएको छ । वात्स्यायनले चारवर्ग फलप्राप्तिलाई शरीर,वुद्धि,मन र आत्मासँग अन्तरसम्बन्धित बनाएर उल्लेख गरेका छन् । धर्म शरीरसँग, वुद्धि अर्थसँग, मन कामसँग र आत्मा मोक्षसँग सम्बन्धित हुने भएअनुसार मानवमनको सम्बन्धलाई काम वा वासनासँग जोडेर वात्स्यायनले कामसूत्र तयार गरेको देखिन्छ ।

## ४.२. वात्स्यायनसूत्रका आधारभूत मान्यताहरु :

वात्स्यायनसूत्र वा कामसूत्र मूलत सम्भोगकलासँग सम्बन्धित छ । स्त्री र पुरुष बीचको शारीरिक सम्बन्धलाई अझ सुरुचिपूर्ण कसरी बनाउन सकिन्छ भन्ने विषयमा नै कामसूत्र केन्द्रित छ । यसक्रममा स्त्री र पुरुषका चरित्र, प्रवृत्ति एवम् स्वाभावहरुलाई वर्गीकरण गर्दै केकस्ता स्त्रीहरु केकस्ता पुरुष अनुकूल हुन्छन् र कस्तो कार्यकलापमार्फत् चरम यौन आनन्द प्राप्त हुन्छन् भन्ने विषय समेटिएको छ । यसक्रममा कविपरीति लिङ्गीबीचको शारीरिक सम्बन्ध मात्र होइन समलिङ्गीबीचको सम्बन्धका बारेमा समेत वात्स्यायनले चर्चा गरेका छन् । वात्स्यायनका सम्भोगकलासँग सम्बन्धित आधारभूत मान्यताहरुलाई निम्नानुसार बुदाँबद्ध गर्न सकिन्छ :

१) कामवासना मानव मनसँगै सम्बन्ध हुने,
२) आत्मिक आकर्षणपछिको शारीरिक सम्बन्ध सुरुचिपूर्ण हुने,
३) यौन जोडीबीच भावनात्मक एवम् शारीरिक समन्वय आवश्यक हुने,
४) एकतर्फी आवेग वा उत्तेजनाले मात्र सम्भोगकार्य आकर्षक नहुने,
५) सम्भोग कार्यमा प्राक्क्रीडाको महत्वपूर्ण भूमिका हुने,
६) प्राक्क्रीडापछिका यौनासनहरुले सम्भोग कार्यालाई प्रभावकारी बनाउने,
७) समलिङ्गी जोडीबीचको यौनसम्बन्धमा मुखमैथुन, चुम्बन, आलिङ्गन, गुदमैथुन लगायतको भूमिका महत्वपूर्ण हुने ।

## ४.३. वात्स्यायनसूत्रका मूख्य विशेषताहरु :

वात्स्यायनका कामशास्त्र जीवनसापेक्ष विधित्रास्त्र हो । यसले परम्परित सम्भोगकलाका विविध पक्षहरुलाई प्रकाश पार्नुका साथै आधुनिक मनोविज्ञानलाई समेत सङ्केत गरेको छ । यौनजोडीबीच शारीरिक सम्बन्धलाई कसिलो र रोमाञ्चक बनाउने विभिन्न उपायहरु पस्कने क्रममा मानसिक रुपले समेत तयार हुनुपर्ने कुरालाई सङ्केत गर्दा आधुनिक मनोविज्ञानको छनक वात्स्यायनका कतिपय सूत्रहरुमा पाइन्छ । वात्स्यायनका यौनसम्बन्धी मान्यताहरु अर्थात् कामसूत्रमा अभिव्यक्त विचारहरुका आधारमा उर्मिला शर्मा (२०७२) ले निम्नानुसार मुख्य विशेषताहरुलाई बुँदाबद्ध गरेको पाइन्छ

१) युगीन शास्त्रीय सम्भोग सिद्धान्तको प्रतिपादन,
२) कामशात्रको ज्ञान एवम् अध्ययनका लागि आग्रह,
३) मानवीय कामवृत्तिको सर्वोच्चता,
४) सम्भोग सिद्धान्तको प्रवर्तन र विशिष्टीकरण,

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

५) कामवृत्तिलाई कामकला र सौन्दर्यशास्त्रको गरिमा प्रदान,
६) नारीमनोविज्ञान र नागरिक कर्तव्यप्रति झुकाव,
७) नारीकेन्द्रित कामकलाको उद्धभावना,
८) समलिङ्गी रतिको परिकल्पना र स्थापना,
९) प्रणयशास्त्रको सृजना र विकास,
१०) युवाकेन्द्री मनोवैज्ञानिक कलाको स्थापना,
११) समय र कार्यको महिमा एवम् व्याख्यान,
१२) व्यक्तित्वसंरचनाका पक्ष र वृत्तिहरुको खोज,
१३) अव्यवस्था, आचारहीनता र कामान्धताप्रति व्यङ्ग्य,
१४) मानव अस्तित्व र संस्कृति सापेक्षवादको मान्यतामा आधाति सिद्धात,

## ४.४. समलिङ्गी सम्बन्धप्रति वात्स्यायनको मान्यता :

समलिङ्गी जोडीबीचको सम्बन्धका बारेमा आजको समाज त अनुदार रहेको सन्दर्भमा लगभग दुईहजार वर्ष अगाडि लेखिएको कामसूत्रमा समलिङ्गी जोडीबीचको सम्बन्धका बारे चर्चा हुनु आफैंमा क्रान्तिकारी कार्य हो । आजको समाजमा स्त्रीसमलिङ्गी (लेज्वन), पुरुषसमलिङ्गी (गे), नपुसंकता (हिजडा) जस्ता फरक यौनिक क्षमता भएका तेस्रो लिङ्गीका बारे चर्चा भइरहँदा वात्स्यायनले भने हिजडाको बढी चर्चा गरेका छन् । त्यसका अतिरिक्त उनले स्त्रीसमलिङ्गी र पुरुषसमलिङ्गीका विषयलाई समेत सङ्केत त गरेका छन् । कामशास्त्रको दोस्रो अधिकरणको नवौं अध्यायअन्तर्गत पहिलो सूत्रमा तेस्रो लिङ्गी (हिजडा)को स्त्री रुप र पुरुष रुप गरी दुई प्रकारका हुन्छन् (शास्त्री, २०७२: १३२) भनी उल्लेख गरिएको छ । दोस्रो अधिकरणको नवैं अध्यायका अन्य सूत्रहरुमा तेस्रो लिङ्गी वा हिजडाको विभिन्न प्रकृतिको चर्चा भएको छ । त्यसैगरी तेस्रो लिङ्गीहरुले सम्भोगकार्य गर्दा मुखमैथुन, वालामैथुन (पुरुषले पुरुषको गुदद्धारमा गरिने मैथुन), हस्तमैथुन, कुचमर्दन, चुम्बन लगायतका कार्य गरिने कुरा उल्लेख छ । वात्स्यायनले मुखमैथुनका पनि आठ प्रक्रिया उल्लेख गरेका छन् । जसअन्तर्गत निमित्त मुखमैथुन (लिङ्ग हातमा लिने), पार्श्वतोदष्ट (लिङ्गको अग्र भागलाई ओठले दबाउने), बहि: सन्दंश (लिङ्गलाई मुखभित्र लाने), अन्त: सन्दशं (लिङ्गलाई भित्र लाने र बाहिर ल्याउने क्रम), चुम्बितक (लिङ्ग चुम्ने), परिमृष्टक (लिङ्गलाई जिब्रोले रगड्ने), आमचुषितक (लिङ्गलाई आँपजस्तै चुस्ने), संगर (लिङ्गलाई मुखमा स्खलित गर्ने) प्रक्रिया छन् । त्यसैगरी वात्स्यायनले स्त्रीसमलिङ्गी जोडीले समेत योनी चुमेर वा चुसेर मुखमैथुन गर्न सक्ने (शास्त्री २०७२: १३७) सन्दर्भ उल्लेख गरेका छन् ।

वात्स्यायनले अन्त: पुरिकावृत्त नामक अध्यायमा शारीरिक सम्बन्धका बारे चर्चा गर्ने क्रममा एउटै राजाका धेरै रानीहरु हुने र ती रानीहरुलाई यौनसन्तुष्टि प्रदान गर्न नसक्दा महलभित्रका रानीहरुले नै एकआपसमा वा सुसारेहरुसँग समलिङ्गी सम्बन्ध कायम गर्ने क्रममा एक स्त्रीलाई पुरुषको भेष धारण गराई नायकका रुपमा स्थापित गर्न र कुचमर्दन, मुखमैथुन, चुम्बन लगायतका प्रक्रियाका साथै मुला, गाजल, वैगुन (भान्टा) आदिलाई कृत्रिम लिङ्गका रुपमा प्रयोग गरेर समेत यौन सन्तुष्टि लिइने कुरा उल्लेख छ । वात्स्यायनले पुरुषसमलिङ्गी जोडीबीचको सम्बन्धका बारेमा पनि चर्चा गरेका छन् । विशेषगरी सैनिक क्याम्पमा बस्ने सिपाहीहरुबीच शारीरिक सम्पर्क हुने क्रममा मुखमैथुन, गुदामैथुन, हस्तमैथुन, चुम्बन लगायतका प्रक्रिया हुने कुरा उल्लेख छ । कृत्रिम योनी वा स्त्रीको प्रतिमाबाट समेत पुरुषले यौन सन्तुष्टि लिने (शास्त्री,२०७२: २५२) कुरा उल्लेख छ ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

मुखमैथुनका सन्दर्भमा वात्स्यायनको विरोधाषपूर्ण धारण रहेको पाइन्छ । यौनजोडीको रुचि,संस्कृति,परम्परा, आसक्ति शारीरिक अवस्था आदि अनुकूल रहँदा मुखमैथुन योग्य हुनसक्ने बताइएको छ ।

माथिको विश्लेषणका माध्यमबाट वात्स्यायनले समलिङ्गी सम्बन्धप्रति प्रस्तुत गरेको विचारलाई निम्नानुसार वुँदाबद्ध गर्न सकिन्छ :

१) तेस्रो लिङ्गी (हिजडा) र स्त्री वा पुरुषका बीच शारीरिक सम्बन्ध हुन सक्ने,
२) स्त्रीसमलिङ्गी जोडीका बीच शारीरिक सम्बन्ध हुन सक्ने,
३) पुरुषसमलिङ्गी जोडीका बीच शारीरिकसम्बन्ध हुन सक्ने,
४) यस्तो सम्बन्धका क्रममा प्राक्क्रीडाका साथै मुखमैथुन, गुदामैथुन, हस्तमैथुन, कृत्रिम लिङ्ग या योनीका प्रयोगजस्ता प्रक्रिया महत्वपूर्ण हुने,
५) यस्तो सम्बन्ध विकासका क्रममा पनि आत्मिक र भावनात्मक सम्बन्ध कसिलो हनुपर्ने,
६) आफ्नो स्वार्थ, रुचि, मनोविज्ञान, शारीरिक अवस्था, सांस्कृतिक एवम् सामाजिक परिस्थितिजस्ता कारणहरुले यस्तो सम्बन्धलाई निर्देशित गर्न सक्ने,

## ५. 'सलिजो' उपन्यासमा वात्स्यायन मान्यताको खोजी

वात्स्यायनका कामशास्त्रीय मान्यताहरु सम्भोगकलासँग सम्बन्धित जैविक वासनामा केन्द्रित रहेकाले यिनले साहित्यिक सिद्धान्तले जस्तै साहित्य लेखनमा प्रत्यक्ष प्रभाव पारेको पाइँदैन । तरपनि वात्स्यायनको कामशास्त्र यौन विषयसँग सम्बन्धित रहेकाले यौन विषयलाई नै प्रधान बनाएर लेखिएका साहित्यिक रचनामा यसको प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परेको हुन्छ  नै । 'सलिजो' उपन्यास पनि फरक यौनिक क्षमता भएका स्त्रीसमलिङ्गी जोडीबीचको सम्बन्धलाई मुख्य विषय बनाएर लेखिएको यौनप्रधान नै उपन्यास  भएकाले यसमा वात्स्यायन सूत्रको प्रभाव भेटिन्छ । यस उपन्यासमा रहेको वात्स्यायनसूत्रको प्रभावलाई निम्नानुसारको औपन्यासिक तत्वअनुसार खोजी गर्ने प्रयास गरिन्छ :

## ५.१ विषयवस्तु छनोटमा वात्स्यायनसूत्रको प्रभाव :

लेखक आफैंले पुस्तकको भूमिकामा उल्लेख गरे अनुसार वात्स्यायनको सूत्रबाट प्रभावित भएर भन्दापनि आफूले जीवनकालमा देखेका तेस्रो लिङ्गीहरु एवम् उनीहरुको फरक अस्तित्वको सम्मान गर्ने उद्देश्यबाट प्रेरित हुँदै यस उपन्यासको विषय छनोट गरेका हुन् (शर्मा, २०६६ : ३७) ।

अप्रत्यक्ष रुपमा भने वात्स्यायनका कतिपय मान्यताहरुको प्रभाव विषय छनोटमा भेटिन्छ । दुई युवतीबीचको वैवाहिक सम्बन्ध र उनीहरुबीचको पटक-पटकको यौनकर्मको वर्णनका क्रममा वात्स्यायनको प्रभाव प्रशस्त पाइन्छ । सम्बन्ध विकासका क्रममा भएका आलिङ्गन, चुम्बन, कुचमर्दन लगायतका क्रियाकलापमा रवि र रुपा  मग्न भएको वर्णनका साथै उनीहरुको संवादात्मक अभिव्यक्तिमा समेत वात्स्यायन प्रभावका साक्ष्य पाइन्छन् ।

साक्ष्य : "रुपाको त्यस एकनासको हेराइको अर्थ खोज्दै ज्वाला पनि पलङ्का छेउमा आउँछे र ओछ्यानमा बसेपछि उसमाथि घोप्टो पर्दै सोच्छे...." (पृ. ६३)

त्यसैगरी उपन्यासको मूल विषय नै यौनप्रधान हुनु, यौनकर्मका व्याख्यामा समेत विषय लम्बिनु, यौनिक क्रियाकलापहरुलाई कामकलाको सूत्रअनुरुप  प्रस्तुत गरिनु जस्ता तथ्यहरुमा वात्स्यायन सूत्रको प्रभाव पाउन

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

सकिन्छ तर वात्स्यायनले समलिङ्गीभन्दा विपरीतलिङ्गी जोडीबीचको यौनसम्बन्धलाई प्राथमिकता दिएको सन्दर्भमा भने प्रभाव केही फिक्का लाग्दछ ।

## ५.२ पात्रचयनमा वात्स्यायन सूत्रको प्रभाव :

मनोविश्लेषणवादी उपन्यासहरुमा पात्र चयनको महत्वपूर्ण भूमिका हुन्छ । सलिजो उपन्यास पात्र चयनका दृष्टिले पृथक र साहसिक छ । समाजको सामान्य मनोविज्ञानले स्वीकार गरी नसकेको फरक लैङ्गिक क्षमता भएका पात्रहरुलाई केन्द्र बनाउनु नै यस उपन्यासको मौलिकता हो । वात्स्यायनले समेत यौन पात्रका रुपमा चर्चा गर्ने क्रममा स्त्रीसमलिङ्गी, पुरुषसमलिङ्गी, तेस्रो लिङ्गी (हिजडा) लगायतको प्रसङ्ग उल्लेख गरेका छन् । उनले स्त्रीसमलिङ्गी जोडीबीचको वासनात्मक क्रियाकलाप एवम् जैविक इच्छाका सन्दर्भमा पनि व्याख्या गरेका छन् । त्यसैगरी सलिजो उपन्यासमा स्त्रीसमलिङ्गी जोडीका रुपमा रुपा र ज्वाला, पुरुष समलिङ्गी जोडीका रुपमा गे १, गे २, तेस्रो समलिङ्गी (हिजडा) का रुपमा डायमन लगायतको भूमिकालाई महत्वका साथ प्रस्तुत गरिएको छ र यी चरित्रहरुलाई सत्पात्रका रुपमा उभ्याइएको छ ।

नायकका रुपमा ज्वाला र नायिकाका रुपमा रुपालाई प्रस्तुत गर्दै पुरुषत्व (पुरुषता, कठोरता, उग्रता, वीरता, साहस, निर्भीकता) ले युक्त ज्वाला, एवम् स्त्रीत्व (सङ्कोच, निर्बलता, भीरुता, सहिष्णुता, लज्जा, कोमलता) ले भरिएकी रुपाको चरित्र प्रस्तुत हुँदा वात्स्यायनको प्रभाव प्रत्यक्ष रुपमा पाइन्छ ( शर्मा,**२०७६;६७**) । हुनत वात्स्यायनले हिजडाको प्रवृत्ति र चरित्र प्रस्तुत गर्ने क्रममा केही हेय र निम्न तरिकाले चित्रित गरे पनि समलिङ्गी सम्बन्धका बारेमा भने यौनसन्तुष्टिको अभावका कारण सम्बन्ध स्थापित हुने तर्कलाई प्रमुख मानेका छन् तर यस उपन्यासमा भने यौन असन्तुष्टिका कारणले भन्दा पनि जैविक आवश्यकता र मनोविज्ञानका कारणले समलिङ्गी पात्र निर्माण भएको देखाइएको छ ।

## ५.३ परिवेश निर्माणमा वात्स्यायन सूत्रको प्रभाव :

प्रस्तुत उपन्यासमा काठमाण्डौं उपत्यकाका विभिन्न स्थानहरुका साथै ज्वाला र रुपाको फ्ल्याटलाई मुख्य स्थानगत परिवेशका रुपमा चयन गरिएको छ । आफ्नो भित्तामा घोडाको चित्र र दुईवटा खुकुरी राखिएको सन्दर्भलाई परिवेश निर्माणअन्तर्गत विशेष अर्थका रुपमा प्रस्तुत गरिएको छ । विशेषगरी अफिसबाट फर्किएपछिको एकान्तता एवम् विश्रामको समयमा जोडीका बीच समागमका कार्यहरु तीव्र भएको देखाइएकाले र 'घोडा' को माध्यमले 'यौनावेग' को प्रतीकात्मकता प्रदान गरिएकाले वात्स्यायनले उल्लेख गरेअनुसार सम्भोगकार्यका लागि उपयुक्त स्थानगत परिवेश आयोजना भएको पाइन्छ ।

तरुणावस्थाका दुई नारीहरुले वैवाहिक सम्बन्ध सुरुवात गरेदेखि उनीहरुको सम्मोहित पलहरु, सङ्घर्षका अवस्थाहरु, नायकका रुपमा उपस्थित ज्वाला नै बलात्कृत भई गर्भवती भएर गर्भपतन गराउनु परेको बाध्यता र रुपाको विवाहका लागि परिवारद्वारा खोजिएको रविले ज्वाला र रुपाको जोडीलाई दिएका अनेकौं दु:खहरु जस्ता घटनाक्रम समेटिएको यस उपन्यासमा लगभग प्रत्यक्ष रुपले छ महिना जतिको समयावधिलाई कालगत परिवेश बनाइएको छ । विवाहलगत्तै दुवैले विदा लिएको समयमा दिउँसो, साँझ र रातीको समयमा अनि अफिस गएका दिन साँझको समयमा ज्वाला र रुपाका बीच भएको पाक्क्रीडा एवम् सम्मोहनात्मक क्रियाकलापको वर्णन वात्स्यायनसूत्र अनुरुप नै छ । विशेषत: शयनकक्ष, बैठककक्ष, भान्साकोठा जस्ता एकान्त एवम् शान्त स्थान नै

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

वात्स्यायनले उल्लेख गरेको उपयुक्त सम्भोग स्थान हुन् जसलाई यस उपन्यासमा प्रयोग गरिएको छ भने प्राय: साँझ समय रतिकार्यको समय बनेको छ ।

साक्ष्य : त्यसपछि उनीहरु सोफामा पल्टेर धेरै बेरसम्म यता र उताका कुरा गरिरहन्छन् । आधा राततिर उनीहरु त्यहाँबाट उठ्छन् र लठारिँदै लठारिँदै सुत्ने कोठामा गएर एकअर्कामाथि डङ्रङ्ग पछारिन्छन् । (पृ. १७५)

## ५.४ वैचारिक पक्षमा वात्स्यायनसूत्रको प्रभाव :

फरक लैङ्गिक पहिचान भएका नागरिकले समेत परिवार, समाज र देशमा सम्मानित जीवन बाँच्न पाउनुपर्छ भन्ने सन्देश नै यस उपन्यासको मुख्य वैचारिक पक्ष हो । त्यसैगरी यौनसम्बन्ध शारीरिक मात्र होइन भावनात्मक पनि हुने भएकाले बलजफ्ती शारीरिक सम्बन्धले यौनसन्तुष्टि प्राप्त नहुने, विवाह भन्ने कुरा मीठो सम्बन्ध, समर्पण र सन्तुष्टिको उपज भएकाले एकतर्फी आकर्षणले मात्र सम्भव नहुने, समलिङ्गी विवाहले समेत कानुनी र सामाजिक मान्यता पाउनुपर्ने, यौन सन्तुष्टि विपरीलिङ्गीबाट मात्र होइन मानसिक अवस्थाअनुसार समलिङ्गीबीचबाट पनि प्राप्त हुन सक्ने, आफ्नो हक र अधिकारका लागि तेस्रो लिङ्गीहरु आफैं जागरुक र सचेत हुनुपर्ने, डा. चकोर, प्रो. शर्माजस्ता समाजका सचेत बौद्धिक वर्गले जस्तै अन्यले पनि फरक यौनिक क्षमता भएकाहरुको पक्षमा आवाज उठाउनुपर्ने लगायतका विचारहरु उपन्यासमा पाइन्छ ।

उल्लेखित विचारहरुले भरिएको यस उपन्यासका कतिपय प्रसङ्गमा वात्स्यायनका यौनिक मान्यताहरुको प्रभाव भेटिन्छ । वात्स्यायनले स्त्रीसमलिङ्गी जोडीको चर्चा गरी उनीहरुको सम्बन्धलाई मान्यता दिएजस्तै यस उपन्यासमा पनि उक्त सम्बन्धको जोडदार समर्थन गरिएको छ । वात्स्यायनसूत्रमा उल्लेख भएअनुसार नै यौन सम्बन्धका लागि यौनजोडीहरु मनसिक रुपले समेत तयार हुनुपर्ने, आपसी विश्वास र समर्पणमा नै यौनजीवन सुखद हुने लगायतका वात्स्यायनका मान्यताहरु यस उपन्यासमा पनि पाइन्छन् । एकअर्काप्रतिको समर्पण भाव निम्नानुसार व्यक्त भएको साक्ष्य पाइन्छ :

ज्वालाको हात समाएर गिलास आफ्ना मुखमा लगी रुपाले पनि अलिकति तान्छे र गिलास आफ्ना मुखबाट ज्वालाका मुखतिर सारेर भन्छे, “अब चाख लेज्वा, चिया अघिभन्दा मीठो भयो कि ?” (पृष्ठ ६९) ।

वात्स्यायनसूत्र अनुकूल हुने किसिमका उपन्यासमा प्रो शर्माद्वारा अभिव्यक्त केही संवादहरु :

“समलिङ्गीलगायत सबै खाले तेस्रो लिङ्गीहरु पनि मानव भएका हुँदा तिनले एउटा मानवले पाउने जति सबै अधिकार र सुविधा पाउनैपर्छ ” (पृ. १७१) ।

“समलिङ्गी सम्बन्ध जैविक आवश्यकताबाट प्रेरित नभई भावनात्मक आवश्यकताबाट प्रेरित आत्मिक प्रेमका रुपमा रहन्छ ” (पृ. १६९) ।

“यौन कायिक वा जैविक आवश्यकता मात्र होइन, आत्मिक आवश्यकता पनि हो । समलिङ्गी सम्बन्धमा आत्मिक आवश्यकता प्रधान हुन्छ भने विषमलिङ्गी सम्बन्धमा कायिक आवश्यकता प्रधान हुन्छ ” (पृ. १७३)।

## ५.५ यौनक्रियाकलापमा वात्स्यायन सूत्रको प्रभाव :

वात्स्यायनले मुख्यगरी विषमलिङ्गी जोडीबीचको सम्भोगकलाका बारेमा वर्णन गरेपनि यस उपन्यासमा समलिङ्गी जोडीका बीचको सम्भोगकार्यको प्रस्तुति पाइन्छ । पुरुष समलिङ्गी जोडी, तेस्रोलिङ्गी (हिजडा) लगायतका पात्रहरुको प्रयोग पाइए पनि यौन क्रियाकलापका सन्दर्भमा भने स्त्रीसमलिङ्गी जोडी ज्वाला र रुपाबीचको यौनसम्बन्धको चर्चा मात्र उपन्यासमा भेटिन्छ । वात्स्यायनले कामशास्त्रमा समलिङ्गी जोडीका बीच हुने रतिक्रियाका बारे संक्षेपमा चर्चा गरेअनुसार ज्वाला र रुपाबीचको रतिकार्यमार्फत् प्रभाव पहिचान गर्न सकिन्छ

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

। रुपा र ज्वालाले विवाह गरेपछि मात्र उनीहरुको सम्बन्ध स्थापित भएकाले वात्स्यायनले भनेअनुसारको सामाजिक मर्यादालाई ख्याल गरिएको छ । रतिकार्यपूर्व आलिङ्गन, चुम्बन, कुचमर्दनजस्ता प्राक्क्रीडामा जोडी नै समाहित भएको वर्णनले वात्स्यायनले उल्लेख गरेअनुसारको पूर्वक्रीडा वा प्राक्क्रीडाको राम्रो प्रयोग भएको छ । मुख्य सम्भोग क्रियाकै वर्णन भने उपन्यासमा पाइँदैन । डा. चकोरले उपहारस्वरुप दिएको कृत्रिम लिङ्गलाई रुपाले प्रयोग नगरेको प्रसङ्गमार्फत् वात्स्यायनले भने अनुसार मुला, भेन्टा, गाजरजस्ता कृत्रिम लिङ्गको प्रयोग भएको भेटिँदैन । एकअर्काका नाङ्गो शरीर देख्दा आकर्षित र रोमाञ्चित हुने, स्कुटरमा बस्दासमेत टाँसिएर बस्ने र उत्तेजित महसुस गर्ने जस्ता कुराहरुले उनीहरुबीचको शारीरिक आकर्षणलाई सङ्केत गर्दछ भने सामूहिक बलात्कारको कारण गर्भवती भई गर्भपतन गराएकी ज्वालाको कमजोर शारीरिक एवम् मानसिक अवस्थामा समर्पणभावका साथ रुपाले साथ दिनु अनि रविद्वारा सताइएर स्कूलबाट निकालिएकी अनि कोठामा आएको रविको आक्रमण परेकी रुपालाई ज्वालाले दिएको साथजस्ता तथ्यहरुले उनीहरुबीचको आत्मिक सम्बन्धलाई समेत सङ्केत गर्दछ । यसर्थ वात्स्यायनले उल्लेख गरेअनुसार शारीरिक आकर्षणका साथै मानसिक रुपले समेत एकअर्कामा समर्पित जोडी ज्वाला र रुपाबीच प्रशस्त प्राक्क्रीडासहितको सम्भोगकार्यको वर्णन उपन्यासमा पाइने भएकाले यौन क्रियाकलापको वर्णनमा वात्स्यायन सूत्रको प्रभाव भेटिन्छ ।

## ६. निष्कर्ष :

'सलिजो' उपन्यास समलिङ्गी जोडीको समर्थनमा लेखिएको मनोविश्लेषणवादी उपन्यास हो । यसमा स्त्रीसमलिङ्गी जोडीका रुपमा रहेका ज्वाला र रुपाले भोगेको यौनजीवन एवम् आत्मसम्मान र सामाजिक स्वीकारका निम्ति गर्नुपरेको सङ्घर्षलाई मुख्य विषय बनाइएको छ । त्यस्तै पूर्वीय सभ्यताका महर्षि वात्स्यायनद्वारा लेखिएको कामसूत्र भने यौन जीवनका लागि महत्वपूर्ण तथ्य एवम् वैज्ञानिक विचार प्रस्तुत गरिएको प्राचीनतम् यौनकलासँग सम्बन्धित ग्रन्थ हो र त्यही ग्रन्थमा उल्लेखित सूत्र वा मान्यतालाई वात्स्यायनसूत्र वा कामसूत्र भन्ने गरिन्छ ।

समसामयिक उत्तरआधुनिक चेतनका साथ फरक यौनिक क्षमता भएकाहरुको विषयमा आधारित भएर लेखिएको यो उपन्यास वात्स्यायन सूत्रबाट प्रत्यक्ष रुपले प्रभावित नभएपनि परोक्ष रुपले प्रभावित देखिन्छ । स्त्रीसमलिङ्गी जोडीबीचको जैविक एवम् वासनात्मक सम्बन्धको चर्चा, उनीहरुको यौनिक क्रियाकलाप, चरित्र निर्माण लगायतका क्षेत्रमा वात्स्यायनसूत्रको गतिलो प्रभाव पाइन्छ ।

## सन्दर्भ कृतिसूची :

घर्ती, डा. दुर्गाबहादुर, २०६७, मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान, ललितपुर : साझा प्रकाशन ।
ढकाल, रजनी, २०७०, प्रायोगिक समालोचना : अनेक रुप, ललितपुर : साझा प्रकाशन ।
पाण्डे, ज्ञानु, २०६८, नेपाली उपन्यासमा लैङ्गिकता, काठमाण्डौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।
रेग्मी, मुरारीप्रसाद, २०५०, मनोविश्लेषणात्मक समालोचना, (उपन्यास खण्ड), ललितपुर : साझा प्रकाशन ।
शर्मा, मोहनराज, २०६६, सलिजो, काठमाण्डौं : सीमान्त प्रकाशन
शास्त्री, डा. आचार्य रामचन्द्र,२०७२, वात्स्यायनका कामसूत्र, दिल्ली : मनोज पब्लिकेशन ।
हेवलाँक ऐलिस, २०६६, यौन मनोविज्ञान (मधुसूदन पाण्डेय, अनु.), काठमाण्डौं : पैरवी प्रकाशन ।